जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०५ पृष्ठः ४ | २०८३ बैशाख ०९ बुधबार (Wednesday 22 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानमा 'स्नेह वृद्धाश्रम' बन्दै



सिरहा, ८ वैशाख। यहाँको लहान नगरपालिका-२४ स्थित गोविन्दपुरमा स्नेह वृद्धाश्रम निर्माण सुरु भएको छ। सोमबार धार्मिक विधिपूर्वक भूमिपूजा गरी सुरु गरिएको यो आयोजना लहानको मुख्य बजारदेखि करिब आठ किलोमिटर उत्तर-पश्चिम, धार्मिक पर्यटकीयस्थल मानिकदह जाने बाटोमा पर्ने सरे खोलाको दक्षिणी किनारमा रहेको १० कट्ठा जग्गामा निर्माण भइरहेको हो।

वृद्धाश्रम निर्माणस्थलको करिब ३०० मिटर पश्चिमतर्फ कृष्ण मन्दिर निर्माणकार्य पनि अगाडि बढिरहेको छ। मन्दिर र वृद्धाश्रमको बीचमा पोखरी निर्माण गरी त्यसमा गोल ( जाइठ) राख्ने पूजासमेत सम्पन्न गरिएको छ। भूमिपूजा कार्यक्रममा लहान नगरप्रमुख महेशप्रसाद चौधरी, वडा नं २४ का वडाध्यक्ष रासलाल राय, तथा महिला मानवअधिकारकर्मी रीता महतोको सहभागिता रहेको थियो।

वृद्धाश्रम निर्माणका लागि लहान नगरपालिकाले १० कट्ठा जग्गा उपलब्ध गराएको छ भने चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार कार्यालयमार्फत रु २५ लाख बजेट विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिनुभयो। थप बजेटका लागि नगरपालिकाले व्यवस्थापन गर्ने उहाँले बताउनुभयो। वडाध्यक्ष रायले विकासका गतिविधि तीव्र रूपमा अघि बढिरहेको उल्लेख गर्दै भन्नुभयो, "यस वडामा सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य, शिक्षा तथा धार्मिक पर्यटकीय क्षेत्र मानिकदहको विकासलाई प्राथमिकतामा राखेर काम भइरहेको छ। स्थानीयको आवश्यकता र चाहनाअनुसार पूर्वाधार निर्माणलाई निरन्तरता दिएका छौँ, जसले समग्र वडाको विकासलाई गति दिएको छ।"

उक्त क्षेत्रमा स्थानीय कृषकको मागअनुसार हाटबजार सञ्चालनको तयारीसमेत गरिएको वडाध्यक्ष रायले जानकारी दिनुभयो। मन्दिर निर्माण समितिका अध्यक्ष वालेश्वर राउत कुर्मीका अनुसार, केही दिनअघि सम्पन्न श्रीमद्भागवत सप्ताह विष्णु महायज्ञपछि सो क्षेत्रको नाम 'पुलचोक' राखिएको छ, जसले उक्त स्थानलाई धार्मिक तथा सामाजिक रूपमा थप पहिचान दिलाउने अपेक्षा गरिएको छ।

## वैदेशिक रोजगार विभागबाट तीन बिचौलिया पक्राउ

काठमाडौँ, ८ वैशाख। वैदेशिक रोजगार विभाग ताहचलमा सेवाग्राहीलाई दुःख हैरानी दिने तीन बिचौलिया पक्राउ परेका छन्। प्रहरी वृत्त कालिमाटीबाट खटिइएको प्रहरी टोलीले काठमाडौँ महानगरपालिका-१३ स्थित विभागबाट सेवाग्राहीलाई अभद्र व्यवहार गरिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो।

मोरङ घर भई हाल सामाखुसी बस्ने ५३ वर्षीय किशोरप्रसाद श्रेष्ठ, सिन्धुपाल्चोक घर भई हाल बालाजु बस्ने ३४ वर्षीय विजय लामा र नुवाकोट घर भई हाल कलङ्की बस्ने ३८ वर्षीय सागर लामालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक एवं प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिनुभयो। पक्राउ परेका तीनै जनामाथि थप अनुसन्धान भइरहेको छ।

यसैबीच, काठमाडौँ प्रहरीले बैंकिङ कसुर, ज्यानसम्बन्धी कसुर, अभद्र व्यवहार, लागुऔषध, हाडनाता करणीलगायत विभिन्न मुद्दामा फरार २६ जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौँ र मातहतका कार्यालयबाट खटिइएका प्रहरी टोलीले २१ पुरुष र पाँच महिलालाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरुलाई विभिन्न अदालतबाट चार वर्ष १० महिना ११ दिन कैद र रु १२ लाख ९१ हजारभन्दा बढी जरिवाना ठहर भएको थियो।

## सिरहा कारागारमा विवाद हुँदा २२ कैदीबन्दी नियन्त्रणमा

सिरहा, ८ वैशाख। सिरहा कारागारभित्र पुनः विवाद उत्पन्न भएपछि प्रहरीले २२ जना कैदीबन्दीलाई नियन्त्रणमा लिएको छ। कारागारको आन्तरिक प्रशासन कब्जा गर्ने प्रयास गरेको आरोपमा उनीहरूलाई आज बिहानै नियन्त्रणमा लिइएको हो। दुई दिनअघि कारागारका चौकीदार प्रेम चौधरीलाई केही कैदीको समूहले जबर्जस्ती बाहिर निकाल्दै आन्तरिक व्यवस्थापन आफ्नो हातमा लिने प्रयास गरेपछि तनाव सुरु भएको थियो। कारागारभित्रै गुटबन्दी गरी अशान्ति फैलाउन खोजेपछि सुरक्षा निकायले हस्तक्षेप गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले कारागारको सुरक्षा र अनुशासन कायम राख्न प्रहरीले कारागारमा बिहानै 'अप्रेसन' चलाएको जानकारी दिनुभयो।



उहाँले घटनाबारे स्पष्ट पार्दै भन्नुभयो, "कारागारभित्र केही कैदीबन्दीले आन्तरिक प्रशासन आफ्नो नियन्त्रणमा लिने उद्देश्यले चौकीदारलाई निष्कासनको प्रयास गरेपछि सुरक्षा चुनौती बढेको थियो। थप झडप हुन नदिन हामीले २२ जनालाई नियन्त्रणमा लिएका छौँ। उनीहरूलाई आवश्यक कानुनी र प्रशासनिक प्रक्रिया पूरा गरी अन्य कारागारमा स्थानान्तरणको तयारी भइरहेको छ।"

यसअघि गत माघमा कारागारभित्रै कट्वा पेस्तोल र दुई

-बाँकी अन्तिम पेजमा




## हाँसौः स्वस्थ रहौं।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

हाँसौं र हँसाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सुधार कि प्रतिबन्धको बाटो ?

सरकारलाई आफूले पाएको अप्रत्याशित जनमतको औचित्य सकेसम्म चाँडै केही गरेर देखाएर पुष्टि गर्ने हुटहुटी हुनु स्वाभाविकै हो। त्यस क्रममा सुधार र परिवर्तनका विभिन्न कार्यक्रमहरू सरकारले घोषणा पनि गरेको छ। यस्ता घोषणामा सरकारले संविधान र लोकतान्त्रिक परम्पराको खासै हेक्का राखेको भने देखिँदैन। उदाहरणका लागि उच्चशिक्षामा प्रचलनमा रहेको स्वतन्त्र विद्यार्थी युनियन र विभिन्न दलसँग आबद्ध विद्यार्थी संगठनबीचको भिन्नता पनि सरकारले बिर्सेको देखियो।

सरकारका प्राथमिकतामा 'शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालयरविश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिनभित्र स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको विकास गर्ने' बुँदा पनि उल्लेख छ। यस बुँदामा नितान्त दुई अलग विषयहरू देखिन्छन्। पहिलो, शैक्षिक परिसरमा दलगत राजनीति निषेध गर्ने मनसायले गरिएको प्रयासजस्तो देखिन्छ। विद्यालय स्तरमा दलगत राजनीतिक प्रभावबाट विद्यार्थीलाई जोगाउनु निस्सन्देह सही कदम हो। तर विश्वविद्यालय स्तरका हकमा भने यस्तो निषेध विद्यार्थीको संविधान प्रदत्त अधिकारको हनन हुन पुग्छ। यद्यपि दलगत राजनीतिक क्रियाकलापका कारण शैक्षिक वातावरण बिथोलिन नहुने विषय पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

नेपालमा पछिल्ला दशकमा शैक्षिक गुणस्तरमा भएको ह्रासको दोष विद्यार्थीहरूको दलगत राजनीतिमा संलग्नता र शैक्षिक संस्थामा तिनको हस्तक्षेपलाई दिने गरिएको छ। हुन पनि विद्यार्थी संगठनका नाममा बढ्दो उद्दण्डताले शैक्षिक वातावरण निकै खलबल्याएको थियो। पुस्तकालय जलाउनेदेखि प्राध्यापकहरूमाथि सांघातिक आक्रमण गर्ने कार्यमा संलग्न विद्यार्थीले संगठनकै नाममा उन्मुक्ति र राजनीतिक संरक्षण पाइरहेका थिए। तर यसको सम्पूर्ण दोष विद्यार्थी संगठन र विशेषगरी स्वतन्त्र विद्यार्थी युनियनलाई मात्र दिनु न्यायोचित हुँदैन। यिनै विद्यार्थीलाई उक्साएर विश्वविद्यालयका पदमा पुगेका पदाधिकारीदेखि सरकारी संयन्त्रसमेत यसका लागि जिम्मेवार देखिन्छन्। विशेषगरी विधिको शासनको उपेक्षा गरिँदा र सरकारी संयन्त्रहरूले स्वतन्त्र रूपमा काम नगर्दा वा गर्न नपाउँदा देशका अन्य क्षेत्रमा जस्तै शैक्षिक क्षेत्रमा पनि अराजकता बढेको हो।

नेपालमा लोकतन्त्र स्थापनाका लागि स र्ष गरेका राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइँदा उनीहरूले विद्यार्थी संगठनहरूमार्फत् संगठन र उपस्थिति जनाएका थिए। दलहरू प्रतिबन्धित हुँदा पनि न्याय र स्वतन्त्रताका लागि आवाज उठाउने मोर्चाका रूपमा विद्यार्थी संगठनहरू सक्रिय रहन्थे। नेपालको लोकतान्त्रिक इतिहासमा विद्यार्थी संगठनहरूको योगदान कसैले मेट्न सक्दैन। विसं २०१७ साल यता २०३६ सालसम्म पटकपटक विद्यार्थी संगठन हटाउने प्रयत्न भइरह्यो। देशमा लोकतन्त्र पुनःस्थापनापछि भने सरकारले 'स्वतन्त्र विद्यार्थी युनियन' हटाउनै खोजेको भने देखिएन। यद्यपि स्ववियु चुनाव टार्न वा प्रभावित पार्न सत्तारुढ दलका नेताहरू सक्रिय देखिने गर्थे। प्रायः आफ्नो पार्टीको भातृ संस्थाले चुनाव हार्ने देखिएपछि निर्वाचन टार्ने प्रयत्न भएको देखिन्थ्यो।

राजनीतिक दलहरूसँग आबद्ध विद्यार्थी वा मजदुर संगठनहरूमाथि प्रतिबन्ध लगाउनु अधिनायकवादी चिन्तनको उपज हो। तर तिनको प्रभाव शैक्षिक वा प्रशासनिक कामकारबाहीमा पर्न नदिनु भने विधिको शासन सुनिश्चित गर्ने एउटा उपाय हो। यसैले निषेध नगरीकनै शैक्षिक र प्रशासनिक वातावरण स्वच्छ बनाइनु नै लोकतान्त्रिक पद्धतिअनुरूप हुनेछ। स्वतन्त्र विद्यार्थी युनियनको संरचनालाई पञ्चायत कालमा पनि पटकपटक निर्देशित र नियन्त्रित गर्ने प्रयास भएको थियो।

शैक्षिक संस्थाभित्र राजनीतिक दलसँग आबद्ध संगठनहरूको उपस्थिति र प्रभावलाई विद्यार्थीहरूकै विवेक र सहमतिबाट व्यवस्थापन गर्नु उपयुक्त हुन्छ। विद्यार्थीहरूले चाहेमा निर्वाचनको माध्यमबाट दलगत संगठनहरूलाई पराजित गरी आफ्नै स्वतन्त्र प्रतिनिधित्व स्थापित गर्न सक्ने सामर्थ्य राख्छन्। त्यसैले, सरकारले संगठनहरूलाई प्रतिबन्ध लगाउनुभन्दा शैक्षिक सुधारका आधारभूत विषयहरूलाई प्राथमिकता दिनु बढी श्रेयस्कर हुनेछ। शैक्षिक क्षेत्रबाट दलगत हस्तक्षेप हटाउने उद्देश्य सकारात्मक भए तापनि विद्यार्थी संगठनहरूमाथि पूर्ण निषेध लगाउनु लोकतान्त्रिक मूल्य–मान्यता विपरीत हुन जान्छ। विद्यार्थी प्रतिनिधित्वलाई खुम्च्याउनुको सट्टा आवधिक निर्वाचनमार्फत उनीहरूलाई थप जिम्मेवार, मर्यादित र संस्थागत बनाउनु आजको आवश्यकता हो।

# विपद्का बेला मानवीय उद्धारको नेतृत्व गर्दै सशस्त्र प्रहरी

**नारायण न्यौपाने**

काठमाडौँ, ८ वैशाख। गोरखाको सहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापालाई कुनै विपद् पर्ने बित्तिकै सशस्त्र प्रहरी बलकै सम्झना आउँछ। आपत् पर्‍यो कि सशस्त्रलाई सम्झने उहाँको बानी नै परिसक्यो। उहाँले भन्नुभयो, "प्राकृतिक वा मानवजन्य विपद्मा मानवीय उद्धारमा झवाट्ट सम्झने एउटै नाम सशस्त्र प्रहरी बल हो। यो सङ्गठनले मानवीय उद्धारमा गरेको कामकै कारण मैले सम्झिने गरेको हो।"

रमेशबाबु मात्रै होइनन्, पछिल्लो समय विपद्का बेला मानवीय उद्धार गर्नुपरेमा अधिकांशले सशस्त्र प्रहरीलाई नै सम्झिने गरेका छन्। देशमा शान्ति सुरक्षा र अमनचयनसँगै बाढीपहिरो, डुबान, भूकम्प, दुर्घटना र आगलागीजस्ता प्राकृतिक तथा दैवीप्रकोप जोखिमका बेला नागरिकको उद्धारमा सशस्त्र प्रहरी बल नेपाल सधैँ अग्रपङ्क्तिमा रहने गरेकाले पनि प्रशंसा हुने गरेको छ।

**उद्धारमा निरन्तर क्षमता अभिवृद्धि**

त्यसो त सशस्त्र प्रहरीको प्रशंसा त्यसै भएको हैन। यो संस्थाले उद्धारका क्षेत्रमा आफ्नो क्षमतालाई निरन्तर अभिवृद्धि गर्दै आएकाले यो सम्भव भएको हो। पछिल्लो समय विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउन सशस्त्र प्रहरी बलले विभिन्न काम गरिरहेको छ। गोताखोर, अग्निनियन्त्रक, उद्धारकजस्ता जोखिमयुक्त काममा सशस्त्रकै भर पर्नुपर्ने अवस्था छ।

सशस्त्रले देशका विभिन्न स्थानमा हालसम्म नौ विपद् व्यवस्थापन केन्द्र सञ्चालन ल्याइसकेको तथा छवटा स्थापना प्रक्रियामा रहेको जनाएको छ। यसै वर्षको मनसुनमा ५९ वटा विपद् व्यवस्थापन केन्द्र अस्थायी रूपमा सञ्चालनमा ल्याउँदैछ। बलले कुरिनटारमा१३९ वटा तालिममार्फत आफ्ना तीन हजार १२ जनशक्तिसहित छ हजार ९२९ जनालाई तालिम प्रदान गरिसकेको छ। यस अवधिमा उक्त शिक्षालयले १३४ जना विशेष तालिमप्राप्त गोताखोर तयार गरेको छ।

चितवन इच्छाकामना–४मा अवस्थित शिक्षालयबाट प्रशिक्षित जनशक्तिले २०६३ सालदेखि हालसम्म ३६ हजार ८४ विपद्का घटनामा १५ हजार ५४१ भन्दा बढीको सकुशल उद्धार, ८८ हजार ५०० घाइतेको उद्धार तथा २५ हजार ७७८ जना मृतकको उद्धार गरेको छ। त्यस्तै विभिन्न विद्यालय र संस्थामार्फत छ लाख ५७ हजार २८४ जनालाई विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तालिम सञ्चालन गरी समुदायस्तरमा सचेता वृद्धि गरिएकाले सङ्गठनको प्रतिबद्धता र कार्यक्षमता स्पष्ट रूपमा देखाएको सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल बताउनुहुन्छ।

**कुरिनटार शिक्षालय उत्कृष्ट**

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारले 'वाटर रेस्क्यु', मेडिकल फर्स्ट रेस्पोन्डर (एमएफआर), कोल्याप्स स्ट्रक्चर सर्च एन्ड रेस्क्यु (सिएसएसआर), अग्नि नियन्त्रण, डिपवाटर रेस्क्युमा दक्ष जनशक्ति उत्पादन गर्दै खोज तथा उद्धारमा राष्ट्रिय क्षमता बढाएको छ।

देशमा नदीजन्य दुर्घटना हुनासाथ सशस्त्र प्रहरी, गोताखोर र कुरिनटार सम्झनुपर्ने परिस्थितिले शिक्षालयले राष्ट्रिय रूपमा पहिचान दिलाउन सफल भएको महानिरीक्षक अर्यालको भनाइ छ। त्यसो त २०७२ सालको भूकम्पमा पनि खोज तथा उद्धारमा सशस्त्र प्रहरी बल सफल भएको थियो।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सशस्त्र प्रहरी बल प्राकृतिक प्रकोप तथा विपद्पछिको प्रथम र अन्तिम महत्त्वपूर्ण विकल्प रहेको बताउनुभयो। उद्धार र राहतमा व्यवस्थापकीय हिसाबले सशस्त्र प्रहरी बल उत्कृष्ट र उदाहरणीय रहेको उहाँले बताउनुभयो।

नेपाल भूकम्पका हिसाबले ११औँ, प्राकृतिक प्रकोपका घटनाका हिसाबले ३०औँ र जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिमका हिसाबले चौथो जोखिमपूर्ण मुलुक मानिन्छ। विपद् व्यवस्थापनमा खटिने जनशक्ति र स्रोतसाधनको सीमितताले प्रकोपका बेलामा जनअपेक्षा र आवश्यकताबीचमा खाडल देखिए पनि स्थापना भएको २२ वर्षमा कुरिनटारस्थित शिक्षालयले राम्रो नतिजा दिएको छ।

महानिरीक्षक अर्याल भन्नुहुन्छ, "सङ्गठनलाई प्राप्त कार्यादेशमध्ये विपद् व्यवस्थापन र उद्धारकार्यको जिम्मेवारीलाई छोटो अवधिमै देशको अग्रणी र विशिष्ट शिक्षालयका रूपमा कुरिनटार स्थापित छ।" राष्ट्रले भोग्दै आएको प्रकृति विपद् र आकस्मिक सङ्कटका बेला उद्धारका लागि आवश्यक पर्ने दक्ष, अनुशासित, प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यले स्थापित शिक्षालयले यही वैशाख २ गते २२औँ वार्षिकोत्सव मनाएको छ। शिक्षालयले प्रशिक्षणको भूमिकामा मात्र सीमित नरही व्यवहारिक उद्धारमा प्रत्यक्ष रूपमा परिचालित हुने इकाईका रूपमा पुरस्कृत हुँदै आएको छ।

विशेषगरी पृथ्वी राजमार्ग आसपासमा हुने सवारी दुर्घटना, बाढीपहिरो र अरु आकस्मिक घटना तथा देशको दुर्गम तथा चुनौतीपूर्ण क्षेत्रमा पनि यहाँबाट जनशक्ति परिचालित भई जीवनरक्षा तथा मानवीय सहयोगमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

विसं २०५८ मा सशस्त्र प्रहरी बल, नेपालको बेस क्याम्पका रूपमा स्थापना भई २०६७ साल वैशाख १९ गतेदेखि पहिलो विपद् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरी २०६८ साल मङ्सिर २२ देखि विपद् व्यवस्थापन तालिम केन्द्रका रूपमा उक्त शिक्षालय स्थापना भएको हो। सशस्त्र प्रहरीले देशका विभिन्न नौ स्थानमा विपद् व्यवस्थापन बेस स्थापना गरी पछिल्लो २० वर्षमा सडक दुर्घटना, पहिरो, नदीजन्य, आगलागीलगायतका घटनामा परेका एक हजार सात जनाको जीवितै उद्धार गरेको छ।

विपद्का घटनामा परिचालन हुने क्रममा सङ्गठनका ११ जनाले हालसम्म सहादत प्राप्त गरिसकेका छन्। दुर्घटनामा परी ज्यान गुमाएकाहरूको शव निकाल्न हतारो गर्दा अर्को व्यक्तिको सासलाई जोखिममा पार्नुहुन्न भन्ने जनचेतना समाजमा फैलाउनुपर्ने आवश्यकतामा बलले जोड दिएको छ। महानिरीक्षक अर्यालले विपद्का समयमा उद्धार गर्न सशस्त्र प्रहरी नआएको भए हामी बाँच्ने थिएनौँ भन्ने सन्देश नागरिकलाई दिनेगरी काम गर्न तथा देश र जनहितविपरीत हुनेगरी कुनै गल्ती नगर्न निर्देशन दिनुभयो।

विपद्पछिको त्यस्ता जोखिमपूर्ण उद्धार कार्यमा परिचालित हुँदा मृत्यु भएमा विपद् सहिद घोषणा गर्ने प्रस्ताव पनि सङ्गठनले अघि बढाएको छ। सशस्त्र प्रहरी बलले धादिङको नौबिसेदेखि चितवनको मुग्लिङसम्मको बाटोमा सडक सुरक्षा परामर्शसम्बन्धी नयाँ कार्यक्रम सुरु गर्दैछ। त्यस कार्यक्रमसँग यस क्षेत्रमा रहेका सामुदायिक अस्पताल र एम्बुलेन्स सेवालाई पनि समेटिनेछ। त्यस क्रममा दुर्घटनामा परेकालाई तत्काल उद्धार गरी संयुक्त प्रयासमा सम्बन्धित अस्पताल पुर्‍याइनेछ। विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणामुखी बनाउन सङ्गठनले विभिन्न पहल गरेको छ।

विपद् वा दुर्घटनामा परेका व्यक्तिको उद्धारका लागि खटिने प्रहरी ज्यान ने जोखिममा पर्नसक्ने पक्षलाई हेक्का गर्दै सङ्गठनको अनुरोधमा गोताखोरलगायतका जनशक्तिलाई अघिल्लो वर्ष १० लाखबराबरको दुर्घटना बीमा गरेको छ। सङ्गठनले जोखिमयुक्त क्षेत्रमा काम गर्ने त्यस्ता करिब ५०० जनशक्तिलाई २५ लाख रुपैयाँको बीमा र अन्यबाट थप दुई लाखसमेत प्राप्त गर्ने व्यवस्था मिलाएको छ। प्राकृतिक प्रकोपमा हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न जल तथा मौसम विभागबाट मनसुनसम्बन्धी पूर्वानुमान उपलब्ध हुनासाथ सम्भावित जोखिम क्षेत्रमा आवश्यक जनशक्ति परिचालित गरी विपद् व्यवस्थापन तयारीको व्यवस्था मिलाइएको शिक्षालयका समादेशक भरत खनियाँले जानकारी दिनुभयो।

पछिल्लो समय सशस्त्र प्रहरी बलले मुलुकका सबै वडामा २५ जनाका हिसाबले एक लाख ६७ हजार विपद्सूचक नाम सङ्कलन गरेकाले त्यसमा आवश्यक सहयोग पुर्‍याउन स्थानीय तहलाई आग्रह गरेको छ।

# गृहमन्त्री सुधन गुरुङका कारोबारका तथ्यले उब्जाएका शंका र अनुत्तरित प्रश्नहरू

काठमाडौँ, ८ वैशाख। विवादित व्यवसायीसँगको कारोबारमा जोडिएपछि विवादमा तानिएका गृहमन्त्री सुदन गुरुङलाई राजीनामा दिन दबाब बढ्दै गएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानमा तानिएका व्यवसायी दीपक भट्टसँग व्यावसायिक साझेदारी रहेको विवरण सार्वजनिक भएपछि राजीनामाको माग मात्रै बढेको हैन, गृहमन्त्री गुरुङमाथि थुप्रै प्रश्नहरू पनि सोझिएका छन्। सेयर कारोबारमा लगानी गर्नु गैरकानुनी नभए पनि लगानीको स्रोत र गुरुङको सम्पत्ति विवरणका विषयमा पनि संशयहरू पैदा भएका छन्।

'हामी नेपाली' नामक गैरनाफामूलक संस्थाको नेतृत्वमा रहेर जेन–जी आन्दोलन हुँदै र निर्वाचन जितेर गृहमन्त्री बनेका गुरुङको सम्पत्तिको स्रोत र कारोबार विवरणले प्रशस्तै प्रश्न उब्जाएको छ। अनुसन्धानकारी निकायबाट कान्तिपुरले प्राप्त गरेका कागजातका आधारमा पनि सुधन गुरुङको बैंकिङ कारोबार, सम्पत्ति र लगानीको श्रोतका बारेमा कैयौं प्रश्न छन् जसको उत्तर गुरुङ स्वयंम्ले दिनुभएको छैन। कान्तिपुरले हालसम्म प्राप्त गरेका तथ्य र विवरणहरुका आधारमा तयार पारिएको यो रिपोर्ट हामीले केही अनुत्तरित प्रश्नहरुमा छोडेका छौं। सुधन गुरुङ अध्यक्ष रहेको गैरनाफामूलक संस्था 'हामी नेपाल' को हिमालय बैंक र नबिल बैंक दुवैमा खाता रहेको देखिन्छ।

हिमालयन बैंकको खाता १८ फेब्रुअरी २०२५ मा बन्द गरिएको देखिन्छ। खाता बन्द गर्नुअघि यसमा ५३ लाख ४८ हजार रुपैयाँ जम्मा भएको थियो। खाता बन्द हुनुअघि यही खाताबाट ३० लाख ९४ हजार रुपैयाँ नबिल बैंकमा रहेको 'हामी नेपाल'को खातामा सारिएको हामीलाई प्राप्त विवरणमा देखिन्छ। नबिल बैंकमा रहेको खातामा जुलाई २०२१ देखि अगस्ट २०२५ सम्ममा २ करोड २८ लाख रुपैयाँ जम्मा भएको पाइयो। जसमा सन् २०१५ को मे र जुलाईमा मनिता देवकोटाको नामबाट ४ लाख ४० हजार आएको छ। नबिल

–बाँकी अन्तिम पेजमा

*गृहमन्त्री सुधन...*

बैंकमै रहेको सुधन गुरुङको व्यक्तिगत खातामा २०२१ को मे देखि जुन महिनासम्म कोभिड–१९ का लागि सहयोग भन्दै विभिन्न स्रोतबाट उपलब्ध भएको करिब ६० लाख जम्मा भएको देखिन्छ।

५ अगस्ट २०२१ मा यही व्यक्तिगत खाताबाट २५ लाख ९० हजार नबिल बैंकमा रहेको हामी नेपालको खातामा स्थानान्तरण गरिएको छ। यो तथ्यले सहायता रकम व्यक्तिगत खातामै लिने गरेको पुष्टि गर्छ। त्यसो त सुधनको नबिल बैंकमा रहेको खातामा फरक मितिमा फरक व्यक्तिले लाखौँ रकम जम्मा गरेको देखिन्छ। तीमध्ये केहीको स्रोत विवरणमा 'सापटी फिर्ता' उल्लेख छ भने अन्य धेरै कारोबारमा स्रोत र प्रयोजन खुलाइएको छैन। २०२३ को मे ९ मा चाङ अग्रवाल नामका व्यक्तिले गुरुङको खातामा २२ लाख ५० हजार रुपैयाँ र सोही मितिमा विजयकुमार श्रेष्ठको नामबाट ३७ लाख ५० हजार रुपैयाँ जम्मा भएको पाइएको छ।

सुधनको व्यक्तिगत खाताबाट अर्को दिन मे १० का दिन लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सको खातामा २५ लाख र स्टार माइक्रो इन्स्योरेन्सको खातामा २५ लाख रुपैयाँ जम्मा भएको देखिन्छ। यी दुवै लघुबीमा कम्पनीमा सुधनको २५ हजार कित्ता सेयर रहेको कम्पनी रजिस्ट्रार कार्यालयको अभिलेखमा छ। अहिले गृहमन्त्री गुरुङ विवादमा तानिएको यही विषयमा हो। २०२३ को जुन ७ मा सुधनको खाताबाट बिजेशकुमार मगरको खातामा ११ लाख भुक्तानी भएको र १३ अक्टोबरमा छिरिङ छोम्बेल गुरुङले सुधनको खातामा २५ लाख रुपैयाँ जम्मा गरेको कागजातले देखाएको छ ।

त्यसपछि १७ अक्टोबरमा पनि सुधनको खातामा २० लाख रुपैयाँ पैसा जम्मा भएको देखिन्छ। २० र २५ अप्रिल २०२४ मा सञ्जय सर्भिसेज सेन्टर प्रालिको नामबाट १० लाख र साढे १२ लाख रुपैयाँ जम्मा भएको छ। जसमा एउटा कारोबारको स्रोतमा ऋण फिर्ता उल्लेख छ, अर्कोमा व्यवसाय भनिएको छ। उल्लिखित विवरण केलाउँदा गेट अहेड ट्रेडिङ, एसआरएस इन्भेस्टमेन्ट र विनर लिक्वर उद्योग प्रालिलगायत कम्पनीका मालिक चाङ अग्रवाल र विजयकुमार श्रेष्ठबाट गुरुङको खातामा ६० लाख रुपैयाँ जम्मा भएको देखिन्छ। विजय कुमार श्रेष्ठको पहिचान भने खुल्ने विवरण हामीले भेटेका छैनौँ। तर, त्यो रकम लघुबीमा कम्पनीको सेयर किन्न उपयोग भएको अनुसन्धानकारी निकायको दाबी छ ।

लिबर्टी र स्टार माइक्रो इन्स्योरेन्सको सेयर किनेको रकमको स्रोतमा विवाद सुरू भएपछि गृहमन्त्री गुरुङले कर्जा लिएर किनेको दाबी गरिरहँदा कर्जा दिने र खातामा पैसा पठाउने विजयकुमार श्रेष्ठ एउटै व्यक्ति हुन कि होइनन् भन्ने पनि खुल्न बाँकी छ। त्यसैगरी करिब २५ लाख रुपैयाँ छिरिङ छोम्बेल गुरुङको नबिल बैंकको खाताबाट सुधनको खातामा जम्मा गरिएको देखिन्छ। यो रकम सुशीलकुमार श्रेष्ठ र सुरेशकुमार यादवद्वारा नगदमा जम्मा भएको छ। यी दुवै व्यक्ति सीमाभन्दा बढी कारोबार गरेर पटक पटक सरकारी अनुसन्धानको दायरामा रहेका व्यक्ति हुन्।

सञ्जय सर्भिसेज सेन्टर प्रालिसँग पनि गुरुङको केही कारोबार भएको देखिन्छ भने लगुम प्रिमियम अपार्टमेन्ट प्रालिको खातामा पनि केही रकम जम्मा गरेको खुल्छ। त्यस्तै, लक्ष्मी सनराइज बैंकमा पनि सुधनको खाता रहेको र २०२१ जुलाई ११ देखि २०२५ सेप्टेम्बर १५ सम्म १ करोड ७ लाख रुपैयाँ जम्मा भएको छ। यसमा ठूलो कारोबार गर्नेमध्ये एकजना हुन् अन्जल मानन्धर, जसको नामबाट उक्त खातामा करिब ४० लाख नगद जम्मा भएको देखिन्छ। बैकिङ कारोबारका यी विवरणले सुधनले विभिन्न व्यक्तिसँग ठूलो रकमको कारोबार गर्दै आएको देखिन्छ। तर, त्यस्तो कारोबारको स्रोत तथा विस्तृत विवरण भने धेरैजसोमा खुलाइएको छैन ।

गृहमन्त्री गुरुङ आफैँले खुलाएको सम्पत्ति विवरणमा एडभेन्चर भिल्ला, लगुम प्रिमियम अपार्टमेन्ट र होप होल्डिङ्स प्रालि गरी तीन कम्पनीमा लगानी रहेको देखिन्छ। सन् २०१६ जुन २२ मा स्थापना भएको एडभेन्चर भिल्ला प्रालिको लक्ष्मी सनराइज बैंक लिमिटेडमा बैंकमा खाता छ। यो खातामा २०१७ अगस्टदेखि २०२१ अगस्टसम्म एक करोड १३ लाख जम्मा भएको देखिन्छ, त्यसपछि कुनै कारोबार भएको देखिँदैन। यस्तै लगुम प्रिमियम अपार्टमेन्ट प्रालिको प्रभु बैंकमा खाता रहेको देखिन्छ यहि खाताबाट कम्पनीका नाममा पारामाउन्ट मोटरबाट गाडी खरिद गरेको देखिन्छ।

यो खरिद गर्दा करिब १९ लाख नगद र साढे २४ लाखभन्दा बढी ऋण लिएको कान्तिपुरलाई प्राप्त कागजातमा देखिन्छ। लगुमको कारोबार ५७ लाख रुपैयाँभन्दा बढी भएको तर खातामा जम्मा रकममध्ये २ लाख ३९ हजार रुपैयाँ मात्र बुकिङ वेबसाइटहरू र बाँकी रकम विभिन्न व्यक्तिबाट आएको अनुसन्धानकारी निकायले पत्ता लगाएका छन्। यस्तै होप होल्डिङ्स प्रालिको प्रभु बैंकमा खाता छ। डिसेम्बर २०२४ देखि मे २०२५ सम्म यो खातामा १ करोड १९ लाख रुपैयाँ जम्मा भएको देखिन्छ। यो खाताबाट लगुम प्रिमियम अपार्टमेन्ट, सुधन गुरुङ र होप होल्डिङबीचमा धेरै पटक कारोबार भएको कान्तिपुरले प्राप्त गरेको विवरणबाट खुल्छ।

यो कम्पनीको खातामा गैरनाफामूलक संस्था 'हामी नेपाल' ले एक पटक करिब साढे ४ लाख जम्मा गरेको देखिन्छ। तर कारण भने खुलाएको देखिन्न। गृहमन्त्री गुरुङको व्यक्तिगत खातामा भएका कारोबार हेर्दा प्रायः क्याफे, रेस्टुरेन्ट, क्लब, सिनेमाजस्ता स्थानमा खर्च गरेको सरकारी अनुसन्धानले देखाउँछ। तर गुरुङले कहाँ–कहाँ कति रकम खर्चेको भन्ने विवरण उपलब्ध हुन सकेको छैन। सन् २०२३ देखि २०२४ को बीचमा सुधनको खातामा विभिन्न व्यक्ति तथा संस्थाबाट लाखौं रुपैयाँ आएको देखिन्छ। गृहमन्त्री सुधन गुरुङका व्यावसायिक कारोबारका विवरण एक अर्कासँग अन्तरसम्बन्धित देखिन्छन्। तर गैरनाफामूलक संस्थाबाट व्यक्तिगत खातामा रकम पठाउनुको प्रयोजन र अर्थ खुल्न सकेको छैन।

व्यक्तिगत खातामा आएको रकमको स्रोत के थियो भनेर पनि कारोबारका क्रममा उल्लेख भएको देखिन्न। जसले गुरुङको कारोबारमाथि संशय पैदा गरेको छ। कोभिड–१९ को बेलामा व्यक्तिगत खातामा सहायता रकम जम्मा हुनु पनि शंकास्पद नै देखिन्छ।

लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स र स्टार माइक्रो इन्स्योरेन्सको सेयर खरिदका बेलामा गुरुङले कर्जा लिएको दाबी गरे पनि सेयर खरिदको एकदिन अघि मात्रै व्यक्तिगत खातामा चाङ अग्रवाल र विजयकुमार श्रेष्ठबाट ६० लाख रुपैयाँ आउनु तर कारण नखुल्नुले अर्को आशंका जन्माएको छ। विवादमा तानिएपछि गृहमन्त्री गुरुङले पार्टीभित्र र बाहिरबाट पनि थुप्रै प्रश्नको सामना गरिरहनु परेको छ। गुरुङले सामाजिक सञ्जालमा दुई पटक स्टाटस लेखेर प्रस्टीकरण दिने प्रयास गरे पनि त्यसले विश्वासलाग्दो आधार तयार गर्न सकेको छैन।

# महोत्तरीका उत्तरी भेगका किसान पशुपालनतर्फ आकर्षित



अजय शाह

महोत्तरी, ८ वैशाख। महोत्तरी जिल्लाका उत्तरवर्ती क्षेत्रका किसानहरू पशुपालन व्यवसायतिर आकर्षित भएका छन्। जिल्लाका बर्दिवास, गौशाला, भङ्गहा, औरही नगरपालिकाका, सोनमा र सम्सी गाउँपालिकाका विभिन्न वडाका किसानहरू पछिल्लोपटक पशुपालन व्यवसायतर्फ आकर्षित भएका छन्। भङ्गाहा बाहेकका सबै पालिकाहरू पूर्वपश्चिम राजमार्गसँग जोडिएको वन क्षेत्र वरिपरि भएकाले मौसम अनुसार घाँसपात पाइने भएपछि आफूहरूले व्यावसायिक रूपमै पशुपालन पेसा अँगालेको त्यहाँका किसानहरू बताउँछन्।

यता बडहरी, रातु र बिग्ही नदी किनारमा घाँसिलो मैदान विकास भएपछि भङ्गाहामा पशुपालन गर्ने किसानको संख्यामा निक्कै वृद्धि भएको छ। यी पालिकाहरूको बस्तीमा किसानले मुख्यतया बाखापालन र गाईभैँसी पालनमा निकै अभिरूचि देखाएको सम्बन्धित पालिकाहरूले जनाएको छ। यसै कुरालाई मध्यनजर गर्दै महोत्तरीको बर्दिवास नगरपालिकाले ग्रामीण महिलालाई आत्मनिर्भर बनाउने लक्ष्यसहित बर्दिवास–१, सनिगाछी टोलस्थित "सयपत्री महिला पशुपालन कृषक समूह" का २४ जना सदस्यहरूलाई प्रति कृषक २ वटाका दरले हालै जम्मा ४८ वटा उन्नत जातका बाखा वितरण गरेको छ।

नगरपालिकाले "बाखाका साना व्यवसायिक उत्पादन केन्द्र" स्थापना गर्ने दीर्घकालीन योजना अघि सारेको छ। नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीले स्थानीय सरकारको मूल लक्ष्य नै नागरिकलाई आत्मनिर्भर रहेको बताउनुभयो। उहाँले प्रत्येक बाखाको मूल्य १० हजार रुपैयाँ राखिएको छ र सोही बराबरको जीवन बिमा समेत नगरपालिकाले गरिदिएको बताउनुभयो। बर्दिवास नगरपालिकाका अनुसार हाल नगरका १४ वटै वडामा २८ वटा महिला कृषक समूहमार्फत पशुपालन कार्यक्रम सञ्चालन भइरहेको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मधेश प्रदेशका वरिष्ठ पशु चिकित्सक डा. संजीव कुमार ठाकुरका अनुसार पछिल्लोपटक वनक्षेत्रमा घाँसे बुट्यानहरू समुदायको प्रयत्नमा संरक्षित हुन थालेपछि वन क्षेत्र वरिपरिका पालिकाका बस्तीहरूमा पशुपालन व्यवसाय अँगाल्ने किसानको संख्यामा वृद्धि भएको छ। यी पालिकाका बस्तीमा पशुपालन व्यवसाय फस्टाउँदै गए पनि स्थानीय जातका मात्र पशुबस्तु पालिने गरेकाले किसानहरूले अपेक्षित फाइदा भने लिन नसकेका पशु विज्ञहरूले बताएका छन्।

यता पशुपालक किसानहरूले भने उन्नत जातका बाखा, गाईभैँसी लगायतका पशुबस्तु खोज्न र तिनको उन्नत नश्लबारे यकिन गर्न पशुसेवा शाखाले राम्रो समन्वय नगरिदिएको गुनासो गरेका छन्। बर्दिवास नगरपालिका–३ की बाखापालक किसान कृष्णामाया भुजेलले आफूले दुई तीन पटक उन्नत नश्ल भनेर बाखा ल्याएको भए पनि जातबारे यकिन गर्न नसक्दा आफू ठगिएको बताउनुभयो। पशुपालन व्यवसायतिर आकर्षित भएका यी ग्रामीणबस्तीका किसानहरूलाई पालिकाका पशु शाखाले परामर्श, उपचार र गर्भाधानसम्बन्धी राम्रो सेवा सुविधा समन्वय गरिदिए किसानले अपेक्षित लाभ लिनसक्ने जिल्लावासीहरू बताउँछन्।

# विवादास्पद अडियो प्रकरण : सप्तरीका एसपी केसीमाथि छानबिन गर्न पाँच सदस्यीय टोली परिचालन

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ८ वैशाख। सामाजिक सञ्जालमा भाइरल बनेको विवादास्पद फोन संवाद प्रकरणमा सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) गौतमकुमार केसीमाथि छानबिन अघि बढाइएको छ। मधेश प्रदेश प्रहरी कार्यालयले घटनाको यथार्थ बुझ्न प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाको नेतृत्वमा पाँच सदस्यीय टोली खटाएको हो।

मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाका अनुसार टोलीमा प्रहरी वरिष्ठ उपरीक्षकसहित प्रहरी उपरीक्षक, नायब प्रहरी उपरीक्षक र प्रहरी निरीक्षक लगायतका अधिकृत रहनुभएको छ। उहाँले यो औपचारिक छानबिन समिति नभई घटनाको वास्तविकता बुझ्न पठाइएको टोली भएको जानकारी दिनुभयो। टोलीले स्थलगत अध्ययन गरी सोमबार साँझ फर्किसकेको र हाल प्रतिवेदन तयार भइरहेको छ। सोही प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिइने र दोषी देखिए थप अनुसन्धान प्रक्रिया अगाडि बढाइने थपलियाले बताउनुभयो।

गत आइतबारदेखि सार्वजनिक बहसको विषय बनेको अडियो क्लिपमा एसपी केसी र एक युवकबिचको संवाद रहेको दाबी गरिएको छ। क्लिपमा राजविराज–३ का मुस्तकिम आलमलाई लक्षित गरी एसपीले धम्कीपूर्ण अभिव्यक्ति प्रयोग गरेको सुनिन्छ, जसको चौतर्फी आलोचना भइरहेको छ। यसअघि आलमले सामाजिक सञ्जालमार्फत एसपी केसीले आफूलाई ज्यान मार्ने धम्की दिएको आरोप लगाउँदै प्रमाण सार्वजनिक गर्ने चेतावनी दिनुभएको थियो। त्यसको केही समयमै अडियो क्लिप सार्वजनिक भएपछि विवाद झन् चर्चामा आएको हो।

यता एसपी केसीले सोही दिन साँझ पत्रकार सम्मेलन गर्दै आफूमाथि लगाइएको आरोप अस्वीकार गर्नुभएको छ। उहाँले उक्त संवाद तोडमोड गरिएको हुन सक्ने दाबी गर्दै आफूले कुनै गालीगलौज वा धम्की नदिएको जिकिर गर्नुभयो। यसैबिच, जिल्ला प्रहरी कार्यालय सप्तरीले खण्डन जारी गर्दै अपुष्ट सामग्रीका आधारमा कसैको चरित्रहत्या हुने गरी सामाजिक सञ्जाल प्रयोग नगर्न आग्रह गरेको छ। साथै, भ्रामक सूचना फैलाएको पाइएमा कानुनी कारबाही गरिने चेतावनी समेत दिइएको छ।

# आगलागीबाट दुई जनाको मृत्यु

गाईघाट, ८ वैशाख। उदयपुरको चौदण्डी गढी नगरपालिका–७ बेल्टार बजारमा आगलागी हुँदा दुई जनाको मृत्यु भएको छ। बेल्टार बजारस्थित लक्ष्मीनाराण खड्काका घरमा आज विहान लागेको आगलागीबाट ७० वर्षीय लक्ष्मीनारायण खड्का र ३० वर्षीय पवन खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निरञ्जन थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार आगलागीबाट लक्ष्मीनाराणका छिमेकी रवीन दास र अर्का सकल देवको घरमा समेत क्षति भएको प्रहरीले जनाएको छ। आगलागी नियन्त्रण गर्नका लागि छिमेकी त्रियुगा र चौदण्डी गढी नगरपालिकाका दमकल र प्रहरी तथा स्थानीय जनताको सहभागिता रहेको थियो। आगलागी विद्युत् चुहावट भएर हो वा अन्य कारणले हो भन्ने कुरा अझै खुल्न बाँकी रहेको जनाइएको छ। आगलागीका कारण रु ६६ लाख बराबरको भौतिक क्षति भएका प्रहरीले बताएको छ।

यसैबीच, उदयपुको बेलका नगरपालिका–३ सातपत्रेमा गए राति जन्ती बोकेको बसले मोटरसाइकलमा ठक्कर दिँदा घटनास्थलमा नै एक युवकको मृत्यु

–बाँकी अन्तिम पेजमा

# लखन्देहीमा बाँध नबन्दा २० गाउँ बाढी त्रासमा



**जनार्जन खत्री**

सर्लाही, ८ वैशाख। सर्लाहीको चक्रघट्टा गाउँपालिकास्थित सुन्दरपुरमा दुई वर्षअघि लखन्देही खोलाले भत्काएको बाँध अझै पुनर्निर्माण नहुँदा करिब २० गाउँका स्थानीय त्रासमा बस्न बाध्य भएका छन्। चक्रघट्टा गाउँपालिका-२, ३ र ५ को सीमामा पर्ने सुन्दरपुरमा दुई वर्षअघि आएको बाढीले लखन्देही खोलाको पूर्वी धारतर्फ करिब साढे तीन सय मिटर बाँध बगाएको थियो। लामो समयसम्म मर्मत नहुँदा आगामी बर्खामा पुनः बाढी पसेर खेतबारी र बस्तीमा ठूलो क्षति हुने स्थानीयको गुनासो छ।

चक्रघट्टा-३, सुन्दरपुरका रामकेबल साहका अनुसार बर्खा लागेसँगै बाढी गाउँमा पसेपछि स्थानीयलाई भागाभाग हुनुपर्ने अवस्था हुन्छ। "बर्खा लागेपछि सिधै गाउँमा बाढी पसेर दर्जनौँ घर डुबानमा पर्छन्, कृषिमा पनि ठूलो क्षति हुन्छ," उहाँले भन्नुभयो। खोलामा तटबन्ध निर्माणमा ढिलाइ हुँदा बर्खायाममा ज्यान जोगाउनै कठिन हुने र खेतमा लगाएको बाली समेत जोखिममा पर्ने साहको भनाइ छ। उहाँका अनुसार सुन्दरपुरबाट लखन्देहीको बाढी पसेर चक्रघट्टा र कौडेना गाउँपालिकाका सुखचैना, लक्ष्मीपुर, फूलपरासी, इनर्बा, सत्रौल, बत्रौललगायत १५-२० गाउँमा क्षति पुऱ्याउँदै आएको छ।

स्थानीयका अनुसार बाढीले सुन्दरपुरस्थित सशस्त्र प्रहरी क्याम्प, स्वास्थ्य चौकी र विद्यालयसमेत डुबानमा पार्ने गरेको छ। बर्खामा एक गाउँबाट अर्को गाउँसम्म आवतजावत गर्न समेत कठिन हुने गरेको छ। चक्रघट्टा गाउँपालिकाका अध्यक्ष कृष्णकुमार यादवले पालिकाको सीमित बजेटले मात्र बाँध निर्माण सम्भव नभएको बताउनुभयो। उहाँका अनुसार लखन्देही खोलामा सुन्दरपुर र शिवनगर क्षेत्रमा गरी करिब १३ सय मिटर बाँध कटान भएको छ। दुई वर्षअघि यस क्षेत्रका प्रतिनिधिसभा सदस्य एवं तत्कालीन रक्षामन्त्री हरिप्रसाद उप्रेतीले स्थलगत निरीक्षण गरी बजेटको पहल गर्ने आश्वासन दिए पनि हालसम्म बजेट विनियोजन नभएको अध्यक्ष यादवको गुनासो छ। "यति ठुलो क्षेत्रमा बाँध कस्न संघीय सरकारको बजेटबिना सम्भव छैन," उहाँले भन्नुभयो।

यसअघि चक्रघट्टा-१ बेल्हीमा खोलाको धार पूर्वतर्फ मोड्ने गरी बाँध निर्माण गरिएकाले सुन्दरपुरतर्फ कटान बढेको अध्यक्ष यादवको आरोप छ। शिवनगरमा बाँध निर्माण गर्न खोज्दा केही जग्गाधनीले अदालतमा मुद्दा दायर गरी 'स्टे अर्डर' ल्याएका छन् भने सुन्दरपुरमा पनि निजी जग्गा पर्ने भएकाले निर्माणमा समस्या देखिएको उहाँले बताउनुभयो। आइतबार प्रतिनिधिसभा सदस्य नरेन्द्र साह कलवार, प्रमुख जिल्ला अधिकारी रामुराज कडरियालगायतले कटान क्षेत्रको स्थलगत निरीक्षण गरेका छन्। प्रमुख जिल्ला अधिकारी कडरियालले जग्गाधनीसँग सहमति गर्ने वा आवश्यक परे मुआब्जा दिएर भए पनि बाँध निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

प्रतिनिधिसभा सदस्य कलवारले सुन्दरपुर र शिवनगरमा तटबन्ध निर्माणका लागि संघीय सरकारबाट बजेट व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "अहिले बजेट निर्माणकै चरणमा छ, काठमाडौं फर्किएलगत्तै यहाँ तटबन्धका लागि बजेट सुनिश्चित गर्न पहल गर्छु," उहाँले भन्नुभयो।

# सरकारी सम्पत्ति व्यक्तिका नाममा दर्ता विवादमा उच्च अदालत जनकपुरको नयाँ अभ्यास

काठमाडौँ, ८ वैशाख। उच्च अदालत जनकपुर इजलासले सरकारी बाटो व्यक्तिले आफ्नो नाममा नापी गरेको विवादमा सो मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी स्थलगत अध्ययनपश्चात प्रतिवेदन पेस गर्न आदेश गरेको छ। कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश टीकाराम आचार्यको इजलासले उक्त जमिन सार्वजनिक कायम गरी पाउँ भनी आएको विवादमा सोमबार सो आदेश गरेको हो। पृथ्वी साह हलुवाईले जगदीश पासमानविरुद्ध दूषित लिखत बदर दर्ता बदरको मुद्दामा उक्त आदेश दिएको हो।

विवादित जग्गाको अवलोकन निरीक्षणका लागि अदालतले पाँचबुँदे आदेश दिएको छ। सो आदेशमा विवादित स्थानको स्थलगत निरीक्षण अवलोकन गर्न २०८३ वैशाख १३ गतेको दिन तोकी मुद्दाका दुवै पक्ष स्वयं र स्थलगतरुपमा उपस्थित हुन चाहेमा निजहरूको तर्फबाट नियुक्त विद्वान् कानुन व्यवसायीलाई समेत सो दिन ठीक १०:०० बजे सम्बन्धित उपस्थित हुन पत्रमार्फत जानकारी गराउनु भनिएको छ।

उक्त तोकिएको मितिमा स्थलगत अवलोकन यो आदेश गर्ने इजलासका न्यायाधीश आफैँले गर्ने र सो कार्यका लागि यस अदालतका रजिष्ट्रार, इजलास अधिकृत तथा सम्बन्धित फाँट प्रमुखलाई समेत उपस्थित हुन जानकारी गराउनु भनिएको छ।

"उक्त विवादित जग्गाको नक्सा गर्ने सम्बन्धित जिल्ला अदालतको प्राविधिक (अमिन) र नापी कार्यालय, धनुषाका सर्भेयरलाई समेत विवादित स्थलमा नापजाँच उपकरणसहित उपस्थित हुन लेखि पठाई अनिवार्य रुपमा तोकिएको मिति, समय र स्थानमा उपस्थित गराउनू", आदेशमा भनिएको छ।

दुवै पक्षलाई रोहवरमा राखी खटिएको अधिकृत तथा कर्मचारी टोलीबाट निरीक्षण अवलोकनमा देखिएका तथ्यहरूसहित प्रतिवेदन तयार पारी पेस गर्नसमेत आदेशमा भनिएको छ। मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी विवादित कि.नं.का जग्गाहरू अवस्थित स्थानको प्रत्यक्षरुपमा अवलोकन तथा निरीक्षण गरी निष्कर्षमा पुग्न उचित देखिएको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम ठाउँ अवलोकन गरी प्रतिवेदन तयार पार्ने सम्बन्धमा व्यवस्था गर्न ६ बुँदे आदेश गरेको छ।

यो आदेश उच्च अदालतले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम गरेको नयाँ अभ्यास हो। यसअघि, सर्वोच्च अदालतले वातावरणसम्बन्धी गोदावरी मार्बलको विषयमा स्थलगत अध्ययन गर्न टोली गएको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# डण्डा खोलामा फोहर रोकः वैकल्पिक व्यवस्था नभएसम्म स्रोतमै फोहर व्यवस्थापन गर्न आग्रह

रुपन्देही, ८ वैशाख। सर्वोच्च अदालतले रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-१ स्थित डण्डा खोलामा फोहर नफाल्न अन्तरिम आदेश जारी गरेसँगै सिद्धार्थनगर नगरपालिकाको फोहर व्यवस्थापन अन्यौलमा परेको छ। न्यायाधीशद्वय हरिप्रसाद फुयाल र शान्तिसिंह थापाको इजलासले उक्त क्षेत्रमा डम्पिङ साइट सञ्चालन नगर्न र फोहर नफाल्न आदेश दिएको हो। सो आदेशपछि नगरपालिकाले तत्कालका लागि फोहर व्यवस्थापनमा समस्या उत्पन्न भएको जनाएको छ। सोमबार बिहान फोहर बोकेर डण्डा खोलातर्फ गएका नगरपालिकाका ट्र्याक्टरहरू स्थानीय अवरोधका कारण फोहर नफाली फर्किएका थिए। नगरपालिकाका सूचना अधिकारी देव ज्ञवालीका अनुसार अदालतको आदेशको औपचारिक पत्र नआए पनि स्थानीयले आदेशको हवाला दिँदै प्रवेश रोकेपछि फोहर व्यवस्थापन प्रभावित भएको हो।

"हाल डम्पिङसाइट प्रयोग गर्न नसक्ने अवस्था रहेकाले वैकल्पिक व्यवस्था नभएसम्म फोहर उठाउने कार्य अन्यौल भएको छ", ज्ञवालीले भन्नुभयो, "हामीले यहाका सङ्घ संस्था र नगरवासीलाई तत्कालको लागि आफ्नै स्रोतमा फोहर व्यवस्थापन गर्न अनुरोध गरेका छौँ।" नगरपालिकाले घरधुरी, व्यावसायिक प्रतिष्ठान तथा होटल व्यवसायीलाई फोहर छुट्याएर सुरक्षित रुपमा व्यवस्थापन गर्न आग्रह गरेको छ। सिद्धार्थ उद्योग वाणिज्य सङ्घ तथा होटल व्यवसायी सङ्घले समेत आफ्ना सदस्यहरूलाई आ-आफ्नो फोहर स्वयं व्यवस्थापन गर्न अपिल गरेका छन्।

यसअघि अनियन्त्रित रुपमा फोहर फालिँदा डण्डा खोलामा दुर्गन्ध र प्रदूषण बढेको भन्दै अधिवक्ता विवेक बखेल र कानुनकी विद्यार्थी अञ्जली सिलवालले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। सोही रिटमाथि सुनुवाइ गर्दै अदालतले अन्तिम निर्णय नहुँदासम्मका लागि फोहर फाल्न रोक लगाएको हो। नगरपालिकाले दीर्घकालीन समाधानका लागि वैकल्पिक डम्पिङसाइटको खोजी तथा फोहर प्रशोधन केन्द्र स्थापना गर्ने विषयमा छलफल अघि बढाएको जनाएको छ।

# चन्द्रगढी महिला गोल्डकपः एपीएफ क्वाटरफाइनलमा

झापा, ८ वैशाख। मेची रङ्गशालामा जारी प्रथम 'ओम साई पाथिभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिताअन्तर्गत आज भएको खेलमा सशस्त्र प्रहरीको एपीएफ क्लब विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ। निर्धारित समयमा ओखलढुङ्गाको पद्मा स्पोर्टिङ क्लबलाई ६-० गोलअन्तरले पराजित गर्दै एपीएफले सहज जित निकालेको हो। एपीएफको जितमा रश्मीकुमारी घिसिङले ह्याट्रिक पूरा गरिन् भने रेनुका नगरकोटी र अनिता केसीले एक-एक गोल गरिन्। खेलको २८औँ मिनेटमा कप्तान अनिता बस्नेतको पासमा घिसिङले गोल गर्दै एपीएफलाई अग्रता दिलाइन्। पहिलो हाफमा १-० को अग्रता बनाएको एपीएफले दोस्रो हाफमा आक्रामक खेल प्रस्तुत गर्दै थप पाँच गोल गरेको थियो।

दोस्रो हाफको ४१औँ मिनेटमा घिसिङले व्यक्तिगत दोस्रो गोल गरिन्। त्यसको एक मिनेटपछि रेनुका नगरकोटीले गोल गर्दै अग्रता फराकिलो पारिन्। ५२औँ मिनेटमा घिसिङले ह्याट्रिक पूरा गरिन् भने ५४औँ मिनेटमा अनिता केसीले अर्को गोल थपिन्। ५६ औँ मिनेटमा घिसिङले व्यक्तिगत चौथो गोल गर्दै एपीएफलाई ६-० को सहज जित दिलाइन्। पद्मा स्पोर्टिङ क्लबले केही अवसर सिर्जना गरे पनि त्यसलाई सदुपयोग गर्न नसक्दा सान्त्वना गोलबाट समेत वञ्चित रह्यो। खेलको 'प्लेयर अफ द म्याच' रश्मीकुमारी घिसिङ घोषित भइन्। उनले रु ११ हजार पुरस्कार प्राप्त गरिन्।

प्रतियोगिताअन्तर्गत क्वाटरफाइनलमा एपीएफले सङ्कटा फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ। बुधबार हुने क्वाटरफाइनल खेलमा नेपाल पुलिस फुटबल क्लब र भारतको रानी लक्ष्मीबाई स्पोर्टस एकेडेमीबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको विजेताले रु ११ लाख तथा उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन्।

## *आगलागीबाट दुई ...*

भएको छ। मृत्यु हुने युवा बेलका-३ सातपत्रेका २७ वर्षीय रोमन बस्नेत रहेका छन्। प्रदेश १-०२-०४५ प ८४४६ नम्बरको मोटरसाइकलमा सातपत्रेबाट रामपुर बजारतिर जाँदै गरेको बस्नेतलाई सातपत्रे नजिकै चौदण्डी गढी नगरपालिकाको माणिबासबाट बेलकातर्फ फर्कदै गरेको प्रदेश १-००२ ख ०१५८ नम्बरको बसले ठक्कर दिँदा बस्नेतको घटनास्थलमानै मृत्यु भएको प्रहरीले जनाएको छ।

## *सिरहा कारागारमा ...*

राउन्ड गोली फेला परेपछि तत्कालीन चौकीदार इन्द्रजित यादवसहित १३ जनालाई नियन्त्रणमा लिएर अन्यत्र सारिएको थियो। सो समयमा इन्द्रजितको पत्राउको विरोध गर्दै कैदीबन्दीले दुई दिनसम्म प्रदर्शनसमेत गरेका थिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)